What do I need to know if my child gets a formal caution?

Parent/carer information

# यदि मेरो बच्चाले निलम्बन गर्ने औपचारिक चेतावनी पायो भने मैले के जान्न आवश्यक छ?

## अभिभावक/हेरचाहकर्ताको लागि जानकारी

### चिन्ताको व्यवहारको लागि औपचारिक चेतावनी भनेको के हो?

चिन्ताजनक व्यवहार भनेको कसैले गर्ने त्यस्तो कार्य हो जसले उनीहरु आफैंलाई वा अरुलाई हानी वा खतरा हुनसक्छ वा भएको छ। औपचारिक चेतावनीले विद्यार्थीलाई उनीहरुको व्यवहारले उनीहरु आफैंलाई र अरुलाई हानी वा खतरा भएको छ वा हुनसक्छ वा शिक्षण र सिकाइमा अस्वीकार्य जोखिम हुन्छ भनेर बताउँदछ। यो तपाईं र तपाईंको बच्चालाई उनीहरुको व्यवहार सुधार्न आवश्यक छ भनेर जानकारी दिन बनाईएको हो।

औपचारिक चेतावनी एउटा पत्र हो जसमा तपाईंको बच्चाको चिन्ताको व्यवहार टिपिएको हुन्छ। तपाईंको बच्चालाई यस  समयमा निलम्बन गरिदैन।

### यदि मेरो बच्चाले औपचारिक चेतावनी पायो भने क हुन्छ?

विद्यालयले चिन्ताजनक व्यवहारको बारेमा छलफल गर्नेछ र तपाईंको बच्चालाई दिएको औपचारिक चेतावनी बारे बताउनेछ। प्रधानाध्यापकले तपाईंलाई औपचारिक चेतावनीको लिखित पत्र पनि प्रदान गर्नेछ।

औपचारिक चेतावनीको उद्देश्य तपाईं र तपाईंको बच्चालाई उनीहरूको व्यवहारको प्रभाव बुझ्न र सकारात्मक व्यवहार समर्थन रणनीतिहरूमा संलग्न हुने सहयोगी योजनामा सहमत हुनको लागि समय दिनु हो। विद्यालयले तपाइँ र तपाइँको बच्चालाई व्यवहारको बारेमा छलफल गर्न र तपाइँको बच्चालाई आवश्यक पर्ने सहयोगहरूको योजना वा समीक्षा गर्न उनीहरूसँग भेट्ने मौका दिनेछ।

विद्यालयसँगको कुनै पनि बैठकमा तपाईंलाई सहयोग गर्ने व्यक्तिलाई सँगै ल्याउन सक्नुहुन्छ।

चिन्ताजन्य व्यवहारको लागि औपचारिक चेतावनी ५० शैक्षिक दिनसम्मको लागि राखिएको हुन्छ। यो समयमा यदि सो व्यवहार वा अन्य चिन्ताजन्य व्यवहार फेरि दोहोरियो भने, तपाईंको बच्चा निलम्बित हुन सक्छ।

### यदि मेरो बच्चाले औपचारिक चेतावनी पायो भने मैले के गर्ने?

लगभग हरेक बच्चाले कहिलेकाँही विद्यालयको नियम वा विद्यार्थीहरुको व्यवहार संहिताको पालना नगर्ने कार्यहरु गर्नेछन्। कहिलेकाँही, जब यस्तो हुन्छ, औपचारिक चेतावनी दिइनेछ। यदि तपाईंको बच्चा विद्यालयमा समस्यामा पर्दछ भने के गर्ने भन्ने बारे थप जानकारी उपलब्ध छ।

तपाईंको बच्चाले औपचारिक चेतावनी पाउनु भनेको त्यहाँ यस्तो व्यवहार छ जसलाई ध्यान दिन आवश्यक छ। तपाईंको बच्चाको व्यवहारलाई व्यवस्थापन गर्न र मिलेर समाधान तयार गर्न विद्यालयसँग तपाईंको सहभागिता अत्यन्त महत्वपूर्ण छ।  औपचारिक चेतावनीको बारेमा विद्यालयको प्रिन्सिपलसँग कुरा गर्नुहोस् र केहि समाधानहरु लिएर आउन तपाईंको बच्चालाई समर्थन गरिरहेको टिमसँग काम गर्नुहोस्।

### यदि यो व्यवहार फेरी भयो भने के हुन्छ?

यदि चिन्ताजन्य व्यवहार प्रारम्भिक औपचारिक चेतावनीको ५० शैक्षिक दिनहरुभित्र फेरी भयो भने, प्रिन्सिपलले तपाईंको बच्चालाई निलम्बन गर्ने निर्णय लिन सक्नुहुन्छ। तपाईंको बच्चालाई निलम्बन गर्ने निर्णय प्रिन्सिपलले व्यवहार, र तपाईंको बच्चा र अन्य बालबालिकाहरुको व्यक्तिगत आवश्यकताहरु हेरेपछि मात्र गरिन्छ। विद्यार्थी निलम्बन सम्बन्धी जानकारी उपलब्ध छ।

### मेरो अझै कुनै चिन्ताहरू छ भने म क गर्नु?

यदि तपाईंलाई तपाईंको बच्चाको विद्यालयमा सिकाई, व्यवहार वा कल्याण सम्बन्धी चिन्ता छ भने, सबैभन्दा उचित शुरुवात शिक्षक, सहायक प्रिन्सिपल वा डेपुटी प्रिन्सिपलसँग कुरा गर्नु हो। अधिकांश समस्याहरु तपाईंको बच्चा र परिस्थिति थाहा भएका व्यक्तिहरुसँग कुरा गरेर समाधान हुन सक्छ।

कहिलेकाहीं तपाईंले अरु कसैसँग कुरा गर्न आवश्यक हुनसक्छ। तपाईंको विद्यालयले तपाईंको स्थानीय शिक्षा कार्यालयको सम्पर्क जानकारी उपलब्ध गराउन सक्छ जसले तपाईंलाई मद्दत गर्न सक्छ। तपाईंको चिन्ताको मेडिकल कारणहरु हुन सक्छ भन्ने तपाईंलाई लाग्छ भने तपाईंको बच्चाको डाक्टरसँग कुरा गर्ने बारेमा पनि सोच्नुहोस्।

तपाईंको बच्चाको पक्षमा वकालत गर्ने बारे जानकारी उपलब्ध छ र साथै विद्यालयसँग सम्पर्क गर्ने तरिकाहरु वर्णन गर्ने स्कुल कम्युनिटि चार्टर उपलब्ध छ।

### मैले विद्यालयबाट के जानकारी प्राप्त गर्न सक्छु?

तपाईंले विद्यालयलाई के भयो र किन भयो भन्ने बारे थप जानकारीको लागि सोध्न सक्नुहुन्छ। विद्यालयले तपाइँलाई कुनै पनि निर्णयको कारण, कारवाही र तपाइँलाई चित्त नबुझेमा के गर्ने भनेर व्याख्या गर्नुपर्छ।

### टेलिफोन अनुवादक सेवा

यदि तपाईं विद्यालयमा सम्पर्क गर्न चाहनुहुन्छ र तपाईंलाई अंग्रेजीमा सहयोगको आवश्यकता पर्दछ भने कृपया टेलिफोन अनुवादक सेवालाई 131 450 मा कल गर्नुहोस्, तपाईंलाई कुन भाषा चाहिन्छ बताउनुहोस् र सञ्चालकलाई विद्यालयमा फोन गर्न आग्रह गर्नुहोस्। सञ्चालकले तपाईंको वार्तालापमा सहयोग गर्न लाइनमा अनुवादकलाई उपस्थित गर्नेछन्। तपाईंलाई यो सेवाको लागि चार्ज गरिने छैन।